# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ४, संख्या १३ | २०७७ पौष ५ गते | विक्री मुल्य रु. ०।००

## भाग ३

स्थानीय सरकार

**विदुर नगरपालिका**

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।०९।०३*

# गरिवी निवारणका लागी लघु उद्यम  विकास कार्यक्रम सञ्चालनको खर्च सम्वन्धि मापदण्ड २०७७

# गरिवी निवारणका लागी लघु उद्यम  विकास कार्यक्रम सञ्चालनको खर्च सम्वन्धि मापदण्ड २०७७

**प्रस्तावनाः**

नेपाल सरकारद्धारा जारी गरिएको गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ वमोजिम यस नगरपालिका भित्र कार्यक्रम सञ्चालन गर्नका लागी खर्च  सम्वन्धि मापदण्डको व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को प्रयोग गरी यो मापदण्ड जारी गरिएको छ ।

**(१) संक्षिप्त नाम र प्रारम्भ :**

यस मापदण्ड नाम विदुर नगरपालिकाको गरिवी निवारणका लागी लघु उद्यम  विकास कार्यक्रम सञ्चालनको खर्च सम्वन्धि मापदण्ड २०७७ रहेको छ ।

**(२) प्रारम्भः** यो मापदण्डनगरकार्यपालिकाबाट पारित भई विदुर राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**(३) परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन ,२०७४ सम्झनु पर्दछ .

ख) "नगर" भन्नाले विदुर नगरपालिका सम्झनुपर्छ .

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

घ) "कार्यालय" भन्नाले विदुर नगरपालिका, कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ र सो शव्दले नगरपालिकाको मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउदछ ।

**<u>४. उद्यमशिलता विकास सम्विन्धि तालिम सञ्चालन सम्वन्धि खर्च व्यवस्थापन</u>**

गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका वमोजिम नगर भित्रका सम्भावित उद्यमीलाइ उद्यमशिलता विकास तालिम प्रदान गर्दा तपशिल वमोजिमको  खर्चको अधिनमा रहि सञ्चालन गर्नु पर्नेछ ।

क) उद्यमशिलता विकास तालिममा सहभागी प्रशिक्षार्थीहरु लाई दैनिक खजा खर्च वापत रु १०० । तालिम अवधिभर  उपलव्ध गराइनेछ ।

ख) उधमशिलता विकास तालिम सञ्चालन गर्न सहायक प्रशिक्षकहरुलाई प्रति कक्षा रु १२००। तालिम अवधिभर उपलव्ध गराइनेछ ।

ग) अतिथि प्रशिकलाई उधमशिलता विकास तालिम सञ्चालन गर्न प्रति कक्षा रु २,०००। उपलव्ध गराइनेछ ।

घ) तालमिका सहभागीहरुको लागी तालमि अवधिभर रु १००। स्टेशनरी उपलव्ध गराईने छ।

ङ) तालमिको हल भाडा प्रतिदनि रु ५००। को दरले उपलव्ध गराईने छ।

च) तालीममा प्रयोग गरीने व्यानरको लागी रु ७००। उपलव्ध गराइने छ।

छ) हरेक तालिम कार्यक्रमको उद्घाटन तथा समापन कार्यक्रममा रु १०,०००। उपलव्ध गराइने छ।

ज) उद्यम विकास सहजकतालाई र अन्य कमचारीहरुलाई उद्यमशिलता विकास तालिम संचालन गरे बापत प्रति दिन रु.८००।को दरले प्रदान गर्ने छ ।

झ) तालीममा प्रयोग गरीने अभ्यास सामाग्रीको लागी रु ४००। उपलव्ध गराइने छ ।

**५. सिप विकास सम्विन्धि तालिम सञ्चालन सम्वन्धि खर्च व्यवस्थापन**

गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका वमोजिम नगर भित्रका सम्भावित उद्यमीलाइ सिप विकास तालिम प्रदान गर्दा तपशिल वमोजिमको खर्चको अधिनमा रहि सञ्चालन गर्नु पर्नेछ ।

क) सिप विकास तालिममा सहभागी प्रशिक्षार्थीहरु लाई दैनिक खजा खर्च वापत रु १००। तालिम अवधिभर उपलव्ध गराइनेछ ।

ख) छोटो अवधी सिप विकास तालिम (७ देखी १५ ) सञ्चालन गर्न प्रशिक्षकहरुलाई प्रति कक्षा रु ८००। अथवा प्रति दिन रु २०००। तालिम अवधिभर उपलव्ध गराइनेछ ।

ग) मध्यम अवधीको सिप विकास तालिमको (१६ देखी ४५ दिन ) प्रशिक्षकलाई तालिम सञ्चालन गर्न प्रति महिना रु २५,०००। उपलव्ध गराइनेछ।

घ) लामो अवधीको सिप विकास तालिमको (४६ देखी ९० दिन ) प्रशिक्षकलाई तालिम सञ्चालन गर्न प्रति महिना रु २५,०००। उपलव्ध गराइनेछ।

ङ) तालमिका सहभागीहरुको लागी तालमि अवधिभर रु १००। स्टेशनरी उपलव्ध गराईने छ।

च) तालमिको हल भाडा प्रति रु ४,०००। को दरले  उपलव्ध गराईने छ।

छ ) तालीममा प्रयोग गरीने व्यानरको लागी रु ७०० । उपलव्ध गराइने छ।

ज) सिप विकास तालिममा नियमित प्रशिक्षक वाहेक विषेशज्ञ प्रशिक्षकका लागी प्रति कक्षा रु २०००। का दरले प्रदान गरिने छ ।

(ज) सामान्यतया सबै प्रकारका तालिम कार्यक्रमहरुको संचालन खर्च माथीको मापदण्ड बमोजीम गरीने छ । तर सिप विकास तालीमको  अवस्था अनुसार प्रशिक्षकलाइ दीने सेवा सुविधा कार्यालय संग संझौता गरे अनुसारको हुनेछ ।

**६. कार्यक्रम अनुगमन तथा मूल्यांकन :**

यस कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागी विदुर नगर पालीकाका विशिष्ठ पदाधिकारी तथा कार्यक्रम संचालन तथा अनुगमन उप समितिका पदाधिकारीहरुवाट अनुगमन गरि आवश्यक सहयोग गरिने छ ।

सो अनुगमनका पदाधिकारीहरुको अनुगमन वापत दैनीक भत्ता रु १,५००। प्रदान गरिने छ।

**७. वाधा अडकाउ फुकाउने अधिकार :**

(१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिका लाई हुनेछ ।

(२) यस कार्यविधिमा लेखिएको कुरा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

**८. बचाउ :**

(१) यो कार्यविधि जारी हुनु भन्दा अगाडि नगरपालिकावाट भए गरेका लघु उद्यम संचालन सम्बन्धी कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणिकरण मिति: २०७७०९।०५

**आज्ञाले**
दिवाकर चापागाइ
प्रमुख प्रशासकीय अधिकृत
विदुर नगरपालिका कार्यालय